"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

# सिलीचोङ गाउँपालिका
SILICHONG RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
ताम्कु , संखुवासभा
TAMKU, SANKHUWASABHA
कोशी प्रदेश, नेपाल ।
KOSHI PROVINCE, NEPAL.

पत्र संख्या/FY: २०८१/०८२
चलानी नं./Ref. no. १२८५

## राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान गरिएको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/०५**

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत तपशिल वमोजिमको जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि अख्तियारी प्राप्त भएको हुँदा सिलीचोङ गाउँपालिकाका विपन्न, कोभिड प्रभावित, हिंसा पिडित, कृषि बाहेक अन्य कुनै पनि रोजगारी नभएका परिवारका महिला र एकल महिलालाई लक्षित गरि जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न संस्था छनौटको लागि सूचना प्रकाशन तथा प्रस्ताव आह्वान गर्नुपर्ने व्यवस्था वमोजिम सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकावाट सबै वडा कार्यालय सँग समन्वय गरि प्रत्येक वडाको ५/५ जना गरि जम्मा २५ जना लक्षित महिला छनौट गरि पर्यटन क्षेत्र अन्तर्गत होमस्टे संचालन तथा व्यवसाय स्थापना सम्बन्धी तालिम संचालन गर्ने निर्णय भएकोले उक्त कार्यक्रम संचालनका लागि प्रचलित कानून वमोजिम दर्ता भएका इच्छुक संस्था एवम् सहकारी संस्थाहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ दिन भित्र सिलीचोङ गाउँपालिकामा तोकिए वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम संचालन गर्ने संस्था छनौट तथा संस्थाले गर्नुपर्ने कार्य, प्रस्ताव पेश गर्ने ढाँचा, अनुदान, तालिम सम्वन्धि व्यवस्था **राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड, २०७७** वमोजिम हुने।

**तपशिल**

| क्र. स. | कार्यक्रमको नाम | लक्ष्य | प्रस्ताव पेश गर्ने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम | २५ जना | सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, ताम्कू, संखुवासभा | तालिम संचालन वापत रु. १,००,०००। तथा व्यवसाय संचालन खर्च अनुदान २५ जना महिला रु. २६,००० का दरले रु. ६,५०,०००। गरि जम्मा रु ७,५०,०००। | |

**आवश्यक कागजातहरु**

१. संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको विधान, निवेदन ।

२. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र,

३. आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन।

४. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साँझेदारीको स्रोत सहितको यथार्थ विवरण।

भद्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

info@silichongmun.gov.np https://www.silichongmun.gov.np/ ९८५२०३०२४०/९८५११००३०९

सिलीचोङ गाउँपालिका
SILICHONG RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
ताम्कु, संखुवासभा
TAMKU, SANKHUWASABHA
कोशी प्रदेश, नेपाल ।
KOSHI PROVINCE, NEPAL.

पत्र संख्या/FY: २०८१/०८२
चलानी नं./Ref. no. ९१६४

५. कालो सूचिमा नपरेको र प्रचलित कानून वमोजिम अयोग्य नरहेको स्वघोषणा ।

**नोट:** संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यवसायिक तालिम प्रदान गरि व्यक्तिगत तथा सामूहिक रुपमा आयआर्जन व्यवसाय संचालन गर्ने गरि कम्तिमा ५ दिनको तालिम जम्मा २५ जना लक्षित विपन्न र एकल महिलालाई आर्थिक उत्थान तथा शसक्तिकरण हुने गरि प्रदान गर्ने योजना व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरि सहभागीहरुलाई प्रदान गर्ने कार्यक्रमको अवधारणापत्र र व्यवसायिक योजना पेश गर्नु पर्नेछ।

अन्य सम्पूर्ण कार्यसंचालन प्रक्रिया **राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी मापदण्ड,** २०७७ वमोजिम हुनेछ।

थप जानकारीको लागि सिलीचोङ गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा (सम्पर्क नं ९८५२०६६२४०) सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

भद्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत